# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

मिति: २०८१।१०। २४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

राष्ट्रिय सूचना प्रविधि केन्द्रले आ.व.२०७४/७५ मा आह्वान गरेको IFB No.NITC/G/NCB-074/757-0740074/75 Supply, Delivery and Installation oof Security Appliance and Network Equipment को ठेक्कामा घुस रिसवत लेनदेन सम्बन्धी Folw Chart



राष्ट्रिय सूचना प्रविधि केन्द्रद्वारा आ.व. २०७४/७५ मा आह्वान गरिएको बोलपत्र NITC/G/NCB-7-074/75: Supply, Delivery and Installation of Security Appliances and Network Equipment को खरिदमा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेलसमेतले भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेल र नेपालका लागि F5 कम्पनीका प्रतिनिधि भारतीय नागरिक दिपक आनन्द (Passport No.Z4362932) को आपसी मिलोमतोमा राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई आवश्यक Supply, Delivery, and Installation of Security Appliances and Network Equipment खरिदका लागि अनुसूचीको तालिका नं. १ देखि ७ बमोजिम शुरु चरणको खरिद प्रकृया अन्तर्गत पूर्व निर्धारित दररेटमा लागत अनुमान तयार गर्ने, गराउने गरी प्रतिवादी सुनिल पौडेलले प्रतिवादी दिपक आनन्दबाट ३ वटा कम्पनीहरू - Instasafe Technologies Pvt. Ltd, Banglore, Exclusive Networks Asia Pte. Ltd, Singapore र TechData (Singapore) PTE. LTD. को कोटेशन प्राप्त गरे गराएको देखाई त्यसको आधारमा प्रतिवादी सुनिल पौडेलको मातहतका कर्मचारीहरूबाट Technical Specification तयार गरी, गर्न लगाई प्रतिवादी सुनिल पौडेल आफैले लागत अनुमान स्वीकृत गरी, गराई ठेक्का नं. NITC/G/NCB-7-074/75: Supply, Delivery and Installation of Security Appliances and Network Equipment को बोलपत्र आह्वान गरेको देखिएको। बोलपत्रदाताको रूपमा प्रतिवादीहरूले अनुसूचीको तालिका ८ देखि १९ मा छलफल गरे अनुसारकै पूर्व योजना बमोजिमको **Thakral One Nepal Pvt. Ltd. का प्रमुख कार्यकारी अधिकृत तथा आपूर्तिकर्ता Astral Computers Nepal Pvt. Ltd. का अध्यक्षबाट अनुसूचीको तालिका न.१७ को संवादमा उल्लेख भए बमोजिम प्रतिवादी दिपक आनन्दको उपस्थितिमा एक मात्र बोलपत्रदाताका रूपमा प्रस्ताव पेस गरी, गराई लागत अनुमान भन्दा १% घटी कवोल अंक प्रस्ताव गरी, गराई प्रतिवादी सुनिल पौडेल आफै मूल्याङ्कन समितिको संयोजक भई Astral Computers Nepal Pvt. Ltd. को कवोल अंकलाई स्वीकृत गराई आशय पत्र जारी गरी ठेक्का सम्झौतामासमेत राष्ट्रिय सूचना प्रविधि केन्द्रको तर्फबाट प्रतिवादी सुनिल पौडेलले दस्तखत गरी सम्झौता गरेको। प्रतिवादीहरूको पूर्व योजना बमोजिम कै कम्पनीहरू F5, Cisco र InstaSafe बाट सामाग्रीहरू आपूर्ति गरी** वास्तविक मूल्य अमेरिकी डलर ६,७६,०००।- रहेको Supply, Delivery and Installation of Security Appliances and Network Equipment खरिद ठेक्कामा प्रतिवादी सुनिल पौडेललाई दिइएको घुस/रिसवत रकम अमेरिकी डलर २,८०,०००।-(ने.रु.३,०८,५०,४००।-) र नेपाली बोलपत्रदाता Astral Computers Nepal Pvt. Ltd. को Margin ५.७२% समेत गरी जम्मा ने.रु.१२,८२,४०,०००।- **(मू.अ. कर(VAT) बाहेक)** प्रतिवादी सुनिल पौडेलले **Astral Computers Nepal Pvt. Ltd.** लाई भुक्तानी दिई उक्त भुक्तानी प्राप्त भएपश्चात **Astral Computers Nepal Pvt. Ltd. ले आफ्नो Margin ५.७२% राखी बाँकी Letter of Credit (LC) खोली अमेरिकी डलर १०,५३,६०४।- रकम Universal Procurement System PTE LTD Singapore (UPS) मा पठाएकोमा उक्त रकम प्राप्त भएपश्चात प्रतिवादी दिपक आनन्दले प्रतिवादी सुनिल पौडेललाई अनुसूचीको तालिका नं. २० र २१** मा भएको छलफल बमोजिम २०१८ अगष्ट १० तद्अनुसार बि.सं. २०७५।०४।२५ गते संलग्न अनुसूचीको तालिका नं. २२ मा विश्लेषण गरिएबमोजिमको रु.३,०८,५०,४००।-(तीन करोड आठ लाख पचास हजार चार सय रुपैयाँ) घुस/रिसवत दिन लिन स्वीकार गरी सोही बमोजिम उक्त घुस/रिसवत दिए, लिएको वारदात स्थापित भएको हुँदा प्रतिवादीहरू सुनिल पौडेल र दिपक आनन्दको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूरजन्य कार्य भएकाले **प्रतिवादी सुनिल पौडेललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु.३,०८,५०,४००।०० (तीन करोड आठ

लाख पचास हजार चार सय रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन, साथै निज प्रतिवादी सुनिल पौडेल नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय सूचना प्रविधि विकास समिति, राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक नियुक्त भएको पदाधिकारी रहेकोले प्रतिवादी सुनिल पौडेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसूर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लेखित मागदाबी बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादी सुनिल पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन र **प्रतिवादी दिपक आनन्दलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूरमा बिगो रु.३,०८,५०,४००।- (तीन करोड आठ लाख पचास हजार चार सय रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम घुस रिसवत रु.३,०८,५०,४००।- जफत/असुल उपर हुन मागदाबी लिइएको छ।

नोटः

माथि उल्लिखित तालिका नं. १ देखि २२ लाई विश्लेषण सहित अनुसूचीमा राखिएको छ।

प्रवक्ता

नरहरि घिमिरे